CC-0. In Public Domain. Digitization by eGangotri

* ओ३म् *

कृण्वन्तो विश्वमार्य्यम्

नेपाली-भाषामा वैदिक सिद्धान्त को

❁ आर्य्य रत्न माला ❁

आर्य्य समाज के हो ?

यो संसार भर को सबै मनुष्य हरु लाइ भला बनाउने

वेदोक्त सत्य सनातन धर्मोद्धारक—

श्री स्वामी दयानन्द सरस्वती जी

लेखक :

हरि प्रसाद उपाध्याय अर्ज्याल

CC-0. In Public Domain. Digitization by eGangotri

नम्र निवेदन

सबैजना धर्मप्रेमिगण् हरु लाई सुनाउनु अत्यन्ते हर्ष लाग्दैछ, कि यो आर्य्य रत्नमाला नाम् को पुस्तक को एक विषय चाई कलकत्ता बड़ा आर्य समाज ले छपाई प्रचार गर्दैछन। 'आर्य्य समाज के हो ?' भन्ने येक मात्र विषय लाई अरु १६ विषय को ठूलो पुस्तक बन्देछ। आर्य्य रत्नमाला को त्यो पुस्तक चाहि केहि वेदिक धर्म को मर्म जान्ने धर्मप्रेमी सज्जक हरु ले मिलेर चन्दा द्वारा खुवै परिश्रम गरेर सेवामाचणाडदै छन्। अब चाडैनै पुस्पान्जलि को रुप म। वेदिक प्रकाश आउनेछ।

यो पुस्तक 'आर्य रत्नमाला' प्रथम भाग द्वितीय भाग पूरा को लेखक र प्रकाशक, चाई स्वयं हरीप्रसाद शर्मा जी के नाम मा हुनेछ।

आज सम्म हांम्रा नेपाली समाज मा कुने विद्वान् ले पसि 'वेद' ज्ञान विज्ञान को भन्डार हो। भनेर प्रचार न गरीकन लुकायेर नै राखेका हुनाले हांम्रो बुद्धि बल्ने ठाउमा बीकौं लागेको हो, हामीहरुले दुःख पायेका हू। अब उप्रान्त हांम्रो भाग्योदय भो। वेद को पवित्र ज्ञान को सीचन हुदैछ। अब यथा शीघ्र (चाडैनै आर्य्य रत्नमाला) को भेट चणाईने छ, सबैले पडेर सुःखि बन्नुहोला। हामीहरु सबै ऋषि हरु को बंश का सन्तान् हू, आर्य्य हामीहरु को नाम हो। हाम्रो देश नेपाल भूमि को पनी आर्य्यां-वर्त नाम हो। तेसो हुनाले पशुपति को मन्दिर मा दर्शन गर्नु जानु भन्दा पैले हामीहरु को पुरुषा ले न्वाउने घाट को नाम आज सम्म पनि 'आर्य्य-घाट' नै नाम् छ। हामी आर्य्य हु, हामीहरु ले सत्य ज्ञान पाउना को निम्ति मा श्री स्वामी दयानन्द जी को उपदेश वेद लाई नै मान्ना ले हांम्रो कल्याण हुन्छ।

भवदीय

हरिप्रसाद उपाध्याय

23/49 गरिया हट्टा रोड,

कलकत्ता-२६

CC-0. In Public Domain. Digitization by eGangotri

* ओ३म् *

कृण्वन्तो विश्व मार्य्यम्

नेपाली-भाषामा

वैदिक सिद्धान्त को

❀ आर्य्य रत्न माला ❀

आर्य्य समाज के हो?

लेखक :

हरि प्रसाद उपाध्याय अर्ज्याल

प्रकाशक :

आर्य्य समाज सताब्दि समारोह

आर्य्य समाज कलकत्ता

१६ बिधान सरणी

कलकत्ता–६

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :
आर्य्य समाज सताब्दि समारोह
आर्य्य समाज कलकत्ता
१६, विधान सरणी
कलकत्ता-६

[प्रथमवार १०००] सं० २०३३ वि० मूल-२५ पै०

मुद्रक :
अर्जुन ठाकुर
अमर नाथ प्रेस,
२०८, विधान सरणी
कलकत्ता-६

CC-0. In Public Domain. Digitization by eGangotri

ओ३म्

आर्य्य-समाज भनेको के हो ?

'आर्य्य' शब्द को अर्थ हो उत्तम श्रेष्ठ या असल र अरु समाज शब्द को अर्थ चाई सभा या संघ। येसोहुनाले आर्य्य-समाज को अर्थ भयो सदाचारी असल् उत्तम् श्रेष्ठ पुरुष हरु को संघ भयेर गर्ने सभा।

आर्य्य समाज लाई महर्षि दयानन्दजी ले अप्रेल १९७५ ई० अर्थात चैत्र सुदी ५ सम्वत् १८३२ वि० को दिन मा बंबई मा खोलेका थिये। येस् को पछाड़ि जब धेरैले येस्को मर्म थाहा पाये अनि भारतवर्ष को प्रत्येक ठूला २ नगर र गाउ २ मा आर्य्य समाज लाई खोलीये। येस समय को येस्को संख्या लग्भग् २००० जति भये होलान्।

आर्य्य समाज को नियम यो हो :—

यो जो नियम चाई हिन्दी मै :—पण्नुसः —

(१) सब सत्यविद्या और जो पदार्थ विद्यासे जाने जाते है उन सब का आदि मूल परमेश्वर है।

(२) ईश्वर सच्चिदानन्दस्वरूप, निराकार, सर्वशक्तिमान्, न्यायकारी, दयालु, अजन्मा, अनन्त।

निर्विकार, अनादि, अनुपम, सर्वाधार, सर्वेश्वर, सर्वव्यापक, सर्वान्तर्यामी, अजर, अमर, अभय, नित्य, पवित्र, और सृष्टिकर्त्ता है। उसी की उपासना करना योग्य है।

CC-0. In Public Domain. Digitization by eGangotri

(३) वेद सत्यविद्याओं का पुस्तक है वेद का पढना पढाना और सुनना सुनाना सब–आर्य्यों का परम धर्म है।

(४) सत्य ग्रहण करने और असत्य के छोड़ने मे सर्वदा उद्यत् रहना चाहिये।

(५) सब काम धर्मानुसार अर्थात् सत्य और असत्य को विचार करके करने चाहिये।

(६) संसार का उपकार करना इस समाज का मुख्य उद्देश्य है अर्थात शारीरिक, आत्मिक, और समाजिक, उन्नति करना।

७) सब से प्रीतिपूर्वक धर्मानुसार यथायोग्य वर्तना चाहिये।

(८) अविद्या का नाश और विद्या की वृद्धि करनी चाहिये।

९) प्रत्येक को अपनी ही उन्नति से संतुष्ट न रहना चाहिये किन्तु सब की उन्नति में अपनी उन्नति समझनी चाहिये।

(१०) सब मनुष्यों को समाजिक सर्वहितकारी नियम पालने मे परतन्त्र रहना चाहिये और प्रत्येक हितकारी नियम में सब स्वतन्त्र रहे।

यो जो नियम हरु लाई रांम्रो गरी बिचार गर्दा येस्तो कुरा हरु लाई बुझिन्छ, कि :—सबै को—

(१) ईश्वर एक छन् घेरै छैनन।

(२) वेद ईश्वर को ज्ञान हो, येसोहुनाले आर्य्यहरुले वेद पाठ अवश्य गर्नु पर्दछः।

(३) यदि ऐले भख्खर नै थाहा पाईयो, कि जो कुरालाई मैले मान्छु, या गर्दछु, त्यो असत्य रे छ, भन्ने तेसलाई छोडि

CC-0. In Public Domain. Digitization by eGangotri

दिनु पर्दछः । पक्षपात गर्नु हुदैनः ।

(४) समाज को भलाई को निम्ति मा सवै जनाले कोशीश् गर्नु पर्दछः ।

आर्य्य समाज को सिद्धान्त

(१) ईश्वर एक मात्र छन, धेरै जना ईश्वर छैनन् ।

(२) ईश्वर निराकार छन । उनी लाई यो आखाले देखिनु सक्तैनः फेरी ईश्वर को मूर्ति पनि बन्नु सक्तैनः ।

(३) ईश्वर सर्वज्ञ र सर्वव्यापक (सबैज्ञानको पूरा भयेका र सबै ठाउमा पुगेका) हुनुहुन्छः । उनीले न जाने को कुरा भन्नु केई छैनः फेरी सानु देखिन् पनि सानु चीज् मा पनी भीत्र उनी पसेका छन्, भीत्र पनी बाईरपनी उनी प्रभु सर्वत्र पुगेका छन ।

(४) ईश्वर सर्वशक्तिमान छन । अर्थात उनीले आफनो कुनै पनि कस्तै काम गर्नुपरोस्ता पनी त्यो काम गर्नुलाई । आखा कान, नाक, र शरीर इत्यादि केहि न भयेता पनी उनी आफनो शक्तिले गर्दछन् कसैले सहायता दिनु पर्दैनः ।

(५) ईश्वर अजन्मा र निर्विकार छन् । उनी मनुष्यहरु को जस्तो गरी समान भयेर जन्मनु, र मर्नु गरी येस्तो भयेर उनी आउदैनन् । कुनै अवतार पनी लिदैनन् । राम, र कृष्ण, इनिहरु ईश्वर को अवतार थियेनन् । धर्मात्मा पुरुष् थिये, येसो हुनाले उनीहरु ले गरेको उत्तम असल काम हरु लाई हामीहरु ले याद गर्नुपर्दछः, परन्तु उनीहरु को मूर्ति हरुलाई नै ईश्वर भनेर

CC-0. In Public Domain. Digitization by eGangotri

पूजा गर्नु हुदैनः तर ईधर्मात्मा धर्म को रक्षक माहान पुरुष् भनेर सनमान गरी पूजा गर्नुपर्दछः । ईश्वर भनेर होईनः ।

जीव

(१) जीव चेतन छः । येसको संख्या अनन्त छः ।

(२) जीव न कैले मर्दछ, न पैदा हुन्छ, अथार्त कैले पनी येस्तो समय थियेन, कि जीव छैन, भन्ने, फेरी न कैले येस्तो समय नै आउला कि जीव रहदैन भन्ने, जीव सदै नै रहन्छः ।

(३) जीव मा ज्ञान त छ; तर अल्किति । फेरी शक्ति पनी थोरै नै छ; येसोहुनाले जीव लाई 'अल्पज्ञ' भनिये को हो ।

(४) जीव ले शरीर लाई धारण गर्दछ, कैले मनुष्य को, कैले पशु को, कैले कीराहरु आदि नाना प्रकार को ।

(५) जीव ले जस्तो कर्म गर्दछ; तेस्तै नै तेस्को कर्म को फल को अनुसार ले शरीर तेस्ले पाउदछ; खराप कर्म को खराप योनिमा अनि असल कर्म गर्ने लाई असल योनि मा जानु पाउदछः । येसै लाई नै जीव अवतार भनिन्छः ।

अवतार जीव को हुन्छ ; ईश्वर को हुदैनः ।

(६) जीव ले असल कर्म हरु गर्दा-गर्दै, सबै भन्दा माथिल्लो अवस्था सम्म मा पुगदछ, अनी—मोक्ष हुन्छ ; अर्थात शरीर हुदैनः अनि त्यों अवस्था मा त्यों स्वतन्त्र भयेर विचरेर ईश्वर कोआनन्द मा मग्न भयेर वस्त छः । तेसै लाई मोक्ष भनिन्छः ।

(७) मोक्ष भने को कति दिन को हुन्छ भने=मोक्ष' ३१ नील

CC-0. In Public Domain. Digitization by eGangotri

१० खर्ब ४० अर्ब वर्ष को निम्ति हुन्छ। येस्को पछाडि जीव मोक्ष देखिन फेरी फर्किन्छ। र उत्तम् ऋषिहरु को शरीर लाई धारण गरेर जन्म लिन्छ;। यो शरीर मा यदि असल काम गरे भने फेरी मुक्ति भयेर जान्छन्। तर यदि खराप् कर्म गरे भने देखिन, त तल खस्ने योनि हरु को चक्र मा जन्मनु र मर्नु आरम्भ भै जान्छ;

प्रकृति

(१) 'प्रकृति' भनेको साना-साना परमाणुहरु को नाम हो।

(२) यो 'परमाणु' भनेको 'जड' हो,। येस्मा ज्ञान छैनः।

(३) यो 'परमाणु' अनादि र अनन्त छ। अर्थात न कैले उत्पन्न हुन्छ, न नाश नै हुन्छः।

(४) ईश्वर ले येसै परमाणुहरु लाई जोडेर यो संसार को सृष्टि गर्दछन, बनाउद छन्। आगो, पानी, हवा, र पृथ्वि यो सबै ईनै परमाणुहरु लाई संयोग गरेर मिलाये को फल हो। सूर्य, र चन्दमा आदि पनि येसै बाठ बनेको हो। हांम्रो शरीर पनी येसै परमाणुहरु देखिन नै गरी बने को हो,।

(५) जब यो परमाणु अलग् अलग् हुन्छः त तेसै लाई प्रलय या ब्रह्मरात्रि भनिन्छन। जब सम्म जस ता को तस्तै सृष्टि बनिरहन्छ, तेस्लाई ब्रह्म दिन भन्दछन।

वेद

(१) वेद चारौटा छन, ऋग्वेद, साम्वेद, यजुर्वेद, र अथर्व वेद।

CC-0. In Public Domain. Digitization by eGangotri

(२) वेद हरु को ज्ञान ईश्वर ले चार जना ऋषिहरु लाई सृष्टि को आदि मा आरम्भ मादिनु भो। अर्थात्।—

अग्नि ऋषि लाई ऋग्वेद।
वायु लाई सामवेद।
आदित्य लाई यजुर्वेद।
अंगिरा लाई अथर्ववेद।

(३) अग्नि, वायु, आदित्य, अंगिरा ईनै चार जना ऋषि-हरु ले अरु ऋषिहरु लाई र मनुष्यहरु लाई।

उपदेश दिये, पणायेर यो संसार भरी को सबै विद्याहरु वेदै बाठ नै निकले को हो।

(४) वेद (आफैनै) स्वतः प्रमाण छ; तर अरु पुस्तक हरु चाई, परतः प्रमाण अर्थात् जो जो कुरा तेस्मा वेद ले भने जस्तो नै अनुकूल छ; त्यो चाई ठीक छ जो वेद को विरुद्ध छ, त्यो चाई ठिक छैन।

(५) वेद संस्कृत भाषा मा बनेको छैनः किन्तु देवता हरु को वाणी मा बनेको छ। संस्कृत भाषा चाई वेदहरु को भाषा बाट निकले को हो, अनि अरु सबै भाषा हरु चाई, संस्कृत बाट निकलेको हो।

(६) चारै वेदहरु मा कसैको इतिहास लेखेको छैन। वेदहरु मा योगी हरुलेव्यवहार गर्ने शब्द छ; नाना प्रकार का रूढि वाद, हरु को शब्द छैनः। अर्थात् वेदहरु मा येस्ता शब्द आयेको छ; जो हामीहरु लाई मनुष्य हरु को जस्तो लागद छ। तर

CC-0. In Public Domain. Digitization by eGangotri

तेस्को अर्कै अर्थछ तिनि हरु मनुष्य थियेनन ।

(७) वेदहरु चारौटै मा राम, र कृष्ण, आदि ईनिहरु ले भगवान को अवतार लियेका हुन भन्ने वर्णन कतै पनी छैन ।

(८ चारै वेदहरु मा मुख्य गरेर तीन कुरा लेखेको छ । ईश्वर को मिस्ति मा भिन्दै भिन्दै औसर हरु मा वेला-वखत् लाई हेरेर, अनुकूल प्रार्थना हरु, र अनी सृष्टि को नियम, र मनुष्यहरु लाई के गरेर समय विताउने होत्यो 'उपदेश' । गरेको छः ।

(९) वेदहरु मा इन्द्र, अग्नि वरुण, यो सबै शब्द कतै इश्वर को निस्तिमा आयेको छ; फेरी कतै कतै चाई भौतिक पदार्थ हरु को निस्ति मा अर्थात् जस्तै आगो, पानी, आदि यो सबै को निस्ति मा पनी आयेको छः । तर येस्को पता संगति देखिन लाग्नु सक्त छः ।

(१०) पैले यो संसार भरीनै सबैको वेद मत नै थियो, पछी धेरै प्रकार को मत का भयेर गये ।

अन्य शास्त्र

आर्य समाज ले वेद हरुलाई चाई नी, ईश्वर कृत ईश्वर ले वनाये को हो भनेर मान्दछ; । परन्तु येस्का पछाडि अरु हरु ग्रन्थ, लेखियेको ऋषि हरु को ग्रन्थ हरु लाई पनी, यदि वेद हरु को अनुकूल छः विरुद्ध छैनः भने वेदानुकूल सबै लाई मान्द छः ।

(१ चारौटा ब्राह्मण ग्रन्थः—ऐतरेय, साम, शतपथ, र गोपथ ।

CC-0. In Public Domain. Digitization by eGangotri

(२) येगारौटा उपनिषद हरु :—ईश, केन, कठ, मुण्डक, माण्डूक्य, ऐतरेय, तैत्तरीय, छान्दोग्य, वृह दारण्यक, प्रश्न, र अनि श्वेताश्वतर। इ सबै

३) छः ओटाचाई दर्शन शास्त्र हरु :—गोतम ऋषि लेवनायेको न्यायशास्त्र, कणाद ऋषिको बैशेषिक शास्त्र, कपिल ऋषिले 'साँख्य शास्त्र, पतञ्जलि ऋषिको 'योगशास्त्र, जैमिनि ऋषि को 'पूर्वमीमांसा, शास्त्र व्यास ऋषि को चाई-'उत्तर मीमांसा या वेदान्त। ई छजना ऋषिहरु ले बनायेको।

(४) मानव धर्म शास्त्र या मनुस्मृति।

(५) गोभिल गृहसूत्र, अनी पारस्कर गृहसूत्र, र आश्वलायन गृहसूत्र।

(६) स्वामी दयानन्द सरस्वती ले बनायेको ग्रन्थ, सत्यार्थ प्रकाश, र ऋग्वेदादि-भाष्य भूमिका आदि

मनुष्य समाज

(१) सबै भन्दा पैले तिब्बत मा उत्पन्न भये वाहा बाट सबै ठाउ-ठाउ मा छरियेर पुगे। आर्य्य-जाति हरु भन्दा पैले, अरु कुनै जाँति पनि थियेनन्। आर्य्य जातिहरु नै भिन्दै भिन्दै देशहरु मा भिन्-भिन्दै नाम ले गयेको हो।

(२) पैले जब मनुष्य हरु पैदा हुदा, स्त्री जाति पनि पुरुष जाति पनि एकै चोटी असंख्यात पैदा भयेका थिये तिनै संसार भर छरिये, दिन पर दिन विवाह गरेर सन्तान्ले ढाके।

(३) सबै मनुष्य हरु जन्म लिदै खेरी सबै बराबर समान

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छन । यो ब्राह्मण् यो शूद्र भन्ने हुदैनः पछी वेदादि शास्त्र को अनुसारले कर्मानुसार जस्तो कर्म तेस्ले गर्दछः तेस्तै नैगरी अनि वर्ण छुटिन्छः—ब्राह्मणः, क्षैत्रिय, वैश्य, शूद्र, बन्दछन् ।

(४) ब्राह्मण ले गर्ने कर्मः—सबै तिरबाट पवित्रता लाई धारण गर्ने खाने-पिउने प्रत्येक कुरा पवित्र राख्ने, वेदानुकूल, सत्य व्यवहार गर्ने, पूर्ण विद्या वेदादि शास्त्र लाई पणेका-पन्नेर पणाउने येस्ता पण्डित लाई ब्राह्मण, भन्नु र मान्नु पर्दछः । येस्तै गरी आफनो कर्म-आफुले गरे को असल र खराप कर्म को आधार मा ब्राह्मण, क्षैत्रिय, वैश्य, शूद्र बन्दछन ।

(५) शूद्र लाई नीच भनेर भन्नु हुदैनः त्योपनी हामी हरु कै एकै अंग हो, । तेस्को काम हो हामीहरु को सेवा गरेर आराम दिने पवित्र धर्म हो ।

(६) वेद पडने अधिकार सबै को छः—किनभने वेद मा ज्ञान हुनाले, ज्ञान वान हुनु सबै ले पर्दछः ।

यज्ञ

यो पाँच यज्ञ सबै सदाचारी आर्य्य हरु ले दिन का दिन गर्नु पर्दछः ।

(१) ब्रह्म, यज्ञ अर्थात् ईश्वर को पूजा र वेद पाठ दिन् को दिन गर्नु पर्दछः । अर्थ सहित ।

(२) देव यज्ञ अर्थात् होम पनी दिन को दिन गर्नु पर्दछः ।

(३) भूत यज्ञ, अर्थात गाई, कुक्कुर, काग, कमिला यो हामीहरु को आशा गर्ने जीव हरु लाई खानु दिनु पर्दछः ।

CC-0. In Public Domain. Digitization by eGangotri

(४) पितृ 'यज्ञ' अर्थात् वाचेका माता, पिता, बाजे, बज्यै जो जीउदा छन्, सम्मान गरेर खूबै श्रद्धा सीत खानु, लाउनु, दियेर सत्कार गर्नु मरेका आमा-बाबु हरु लाई फेरी तिनि हरु लाई यो सत्कार गर्न पाउनु असम्भव छः। येसो हुनाले मृतक् हरु को श्राद्ध र तर्पण् गर्नु पर्दैनः। यो मिथ्या हो।

(५) अतिथि यज्ञ अर्थात् अचानक कुनै सज्जन् साधु, संन्यासी हरु आये भने तिन्को सत्कार सम्मान गरेर पूजा गर्नु।

संस्कार

सबै आर्य्य हरु को सोरौटा संस्कार-शुद्धि हुनु पर्दछः—जन्मनु भन्दा पैलै गर्ने तीनौटाः—(१) गर्भाधान, (२) पुन्सवन, (३) सीमन्तोन्नयन।

छ ओटा चाई सानै बेला मा हुनु पर्ने;—(१) जात कर्म, (२) नाम करण, (३) निष्क्रमण, (४) अन्नप्राशन, (५) मुंडन, (६) कर्णवेध्।

दुईटा चाई विद्या पणनु लाई आरम्भ गर्दा खेरीः —(१) यज्ञो पवीत-व्रतवण्ध, (२) वेदा-रम्भ।

दुईटा चाई विद्या पणेर समाप्त गरि सके पछीः—(१) समावर्तन (२) विवाह गर्नु।

तीनौटा चाई पछाडी को अवस्था मा गर्नेः—(१ वानप्रस्थ (२) संन्यास् (३) अन्तेष्टि दाह कर्म, संस्कार।

बिबाह

(१ बिवाह गर्ने उमर छोरी को थोरै मा पनी १६ वर्ष को उमेर भयेपछि, अनि छोरा को २५ वर्ष को भयेपछि गरी दिनु, असल हुनेछः।

२ एक पुरुष ले एक जनै स्त्री सीत मात्र विवाह गर्नु सत्तछः—

CC-0. In Public Domain. Digitization by eGangotri

वेदादि शास्त्र को विधान येई नै छः ।

३ वेदादि धर्म शास्त्र को अनुसार ले :—अक्षत योनि विधवा केटी को विवाह गर्नु लाई तेस्तै नै अक्षत वीर्य्य पुरुष केटा को साथ मा विवाह गरी दिनु ठीक छः पाप छैनः ।

(४ क्षतयोनि विधवा आधा वैसे को तेस्तै नै क्षत वीर्य्य पुरुष उ जस्तै मिलायेर 'नियोग' को द्वारा ले २ जना मिलेर यदि आवश्यकता छः भने धर्म पूर्वक शास्त्र को विधान्ले सन्तानोत्पत्ति छोरा-छोरी पाई आफु आफु मा बाटी, तेस्को पछि फेरी एक दम अलग भई माता को समान व्यवहार गर्नुपर्दछः यो धर्म हो, । ठीक छ ।

आर्य्य समाज को संगठन

१ कम्ति पनि ६ जना मानिष हरु को मिलाप को सभासद हरु उत्तम आचरण भयेका को एक समाज बन्दछ, हुन्छः ।

२ प्रत्येक सभासद- सदस्य हरु ले आफनो आफनो आमदनी बाट, एक सये रु कमाये सये मा १ रु० को दर ले आर्य्य समाज लाई दान् दिनु पर्दछः ।

३ सतांश चन्दा न दिने चाई र सदाचारी असल स्वभाव धारण न गर्ने चाई लाई मेम्बर देखिन अलग् गरी निकालि दिनु

४ प्रान्त को समाज हरु लाई संगठित गर्नु को निम्ति मा प्रान्तीय प्रतिनिधि सभाहरु छन् जस्मा प्रत्येक समाज को प्रतिनिधि हरु जान्छन । प्रतिनिधि पठाउने नियम यो छ, कि जो २५ जना सभासद् हरु को काम छ भने सबैले १ जना पठाउनु पर्दछः ।

५ प्रान्तीय प्रतिनिधि सभा को प्रबन्ध गर्नु को निम्ति मा एक अन्तरङ्ग सभा बनाउनु पर्छ ।

5947

CC-0. In Public Domain. Digitization by eGangotri

आर्य्य समाज को काम

१ शिक्षा को कार्य—आर्य्य समाज को आधीन मा सारा भारत वर्ष मा येस बखत् मा सानाठूला सबै मिलायेर ५४७ विद्यालय छन् तिन मा ५६०६० विद्यार्थी हरु ले पणद छन । २७८० अव्यापक पणाउने गुरु हरु छन । येस्तै गरी ठूला ठूला कालेज् हरु र गुरु-कुल काङ्गडि, गुरु कुल वृन्दावन् कन्या महा बिद्यालय ज्वालापुर इत्यादि धेरै ठाउ ठाउ मा मानव धर्म को असली सत्य प्रचार को प्रवन्ध भैरयेको छः ।

२ अनाथालय (बावु-आमा न भयेका दुग्रा हरु लाई) अनाथ बालख हरु लाई पालेका छन् जस्तै जग्गा जग्गा माछन् अनाथालय फीरोज पुर अजमेर, आगरा, बरेली, लखनौ, आदि—धेरै ठाउ मा छन । यो धर्म को प्रभाव ले हो ।

३ विधवा हरु लाई सहायता दिने सभा हरु जस्को द्वारा बाट शास्त्रुक्त विधान को रीतीले विधवा हरु को फेरी विवाह गरी दीन्छन । सयेकडौं विधवा हरु लाई बिग्रेर पतित हुनु न दी बचाउ द छन् ।

४ अछूत हरु को उद्धार हरु गर्नु को लागी सभा हरु छः । खाली तिन्ले पवित्र स्वीकार गर्नु पर्दछः ।

(५) शुद्धि-सभा-येस को द्वारा ले उनी जो विग्रे का भाई हरु लाई यानी पैले कुनै कारण ले गरी आफनो धर्म लाई छाडेर मुसल्मान् र ईसाई भै सकेका येस्का का सन्तान्का सन्तान् हरु लाई पनि यदि ईनिहरु को बुद्धि मा सु विचार आयेछ; र फेरी त्यो धर्म लाई छाडेर पवित्र वैदिक धर्म लाई ग्रहण गरी, हामीहरु फेरी आर्य्य हिन्दु बन्द छौ, भने भने तिन्लाई वेद को मन्त्र द्वारा शुद्धि गरेर, फेरी वैदिक धर्मी बनायेर तिन्लाई लिईन्छः । ऐले सम्म मा लाखौं ईसाई-मुसल्मान हरु लाई शुद्धि गरी सके । गाई खाने लाई, गाई को पूजा गर्ने बनाये ।

CC-0. In Public Domain. Digitization by eGangotri

(६) बालख हरु को विवाह र बुडा हरु को विवाह गर्ने हरु लाई, यो वेदादि शास्त्र को विरुद्ध हो, न गर । यो मतलबी स्वार्थी हरु ले चलायेको हो, सत्य शास्त्र मा येस्को विधान छैनः । भनेर बुझाई बुझाई क न आर्य्य समाज ले रोकने काम खूबै गरेको छः । येसैले विधवा बडद छन ।

(७ साची नै जीव रक्षा गर्नु को निम्ति मा आर्य्य समाज ले सबै लाई सत्य व्याख्यान् सुनाई सबैलाई पवित्रता को तरफ मा मन लाई फर्काई आकर्षण् गराई, । हजारौं जना ले पैले जस्ले माँसु र रौसी हरु लाई खान्थे, तिन्ले अब यो खराप वस्तु हरु लाई खानु छाडेर शुद्ध पवित्र जस्वाट असल ज्ञान बडने येस्तो पदार्थ लाई नै खानु लागे ।

८ पैले प्राचीन समय मा हामी हरु जस्का सन्तान हु, उन्ले दिन को दिन होम् गर्थे, । यो प्रथा बन्द भयेको थियो । यो फेरी आर्य्य समाज को शिक्षा ले गर्दा, फेरी सज्जन हरु ले घर घर मा वेद को मन्त्र ले होम गर्नु सुरु गरे ।

९ वेद लाई पड्ने अधिकार सबैलाई पैले का ऋषि-मुनि हरु ले दियेको, फेरी आर्य्य समाज ले प्रचार गर्दा चाये स्त्री होस् चाये शुद्र होस मनुष्य मात्र लाई समान छः । पढेर ज्ञान बणाउन ।

येस्तै गरी पर मार्थि भयेर सबै लाई भेद-भाव न राखि कन सत्यो पदेश दिने एक मात्र येई समाज नै छः । आउनस र आर्य्य समाज को सभासद बन्नुस, किनभने येसै समाज को शिक्षा को आधार मा नै सबैको कल्याण हुनेछः । इत्योम् ।

CC-0. In Public Domain. Digitization by eGangotri

❀ नम्र निवेदन ❀

सबैजना धर्मप्रेमिगण् हरुलाई सुनाउनु अत्यन्तै हर्ष लाग्दैछ, कि यो आर्य्य रत्न माला नाम् को पुस्तक को एक विषय चाई कलकत्ता बड़ा आर्य समाज ले छपाई प्रचार गर्दैछन्। 'आर्य्य समाज के हो ?' भन्ने येकमात्र विषयलाई अरु १९ विषय को ठूलो पुस्तक बन्दैछ, आर्य्य रत्न मालाको त्यो पुस्तक चाहि केहि वैदिक-धर्म को मर्म जान्ने धर्मप्रेमि सज्जन हरु ले मिलेर चन्दा द्वारा खुबै परिश्रम् गरेर सेवामाचणाउदै छन्। अब चाडैनै पुस्पान्जलि को रुप मा वैदिक प्रकाश आउने छ।

यो पुस्तक 'आर्य्य रत्नमाला' प्रथम भाग द्वितीय भाग पुरा को लेकर र प्रकाशक, चाई स्वयं-हरि प्रसाद शर्मा जी कै नाम मा हुनेछ।

आज सम्म हांम्रा नेपाली समाज मा कुनैविद्वान् ले पाने 'वेद' ज्ञान र विज्ञान को भण्डार हो। भनेर प्रचार न गरिकन लुकायेर नै राखेका हांम्रो बुद्धि बस्ने ठाउमा बीर्को लागेको हुनाले, हामीहरुले दुःख पायेकाहू। अब उप्रान्त हांम्रो भाग्योदय भो। वेद को पवित्र ज्ञान को सोचन हुदैछ। अब यथा शीघ्र (चाडैनै आर्य्य रत्न माला) को भेट चणाईने छ, सबैले पडेर सुःखि बन्नुहला। हामीहरु सबै ऋषि हरु को वंश का सन्तान, आर्य्य हामीहरु को नाम हो। हाम्रो देश नेपाल भूमिको पनी आर्य्यां-वर्त नाम हो। तेसो हुनाले पशुपति को मन्दिर मा दर्शन गनुं जानु भन्दा पैले हामी हरु को पुरुषालेन्वउने घाटको नाम आज सम्म पनि 'आर्य्य-घाट' नै नाम् छ। हामी आर्य्य हु, हामीहरु ले सत्य ज्ञान पाउना को निम्मित्त मा श्री स्वामी दयानन्द जी को उपदेश वेदलाई नै मान्नाले हाम्रा कल्याण हुन्छ।



भवदीय :

हरि प्रसाद उपाध्याय

२०, हरिम ओस्तागर रोड़

कलकत्ता-४५

CC-0. In Public Domain. Digitization by eGangotri

❁ कर जोरीछ ❁

महानतम् ठूला मा पनि घेरै नै ठूला २ भयेर गये, यो संसार लाई नया २ विचार धारा लाई दियेर जाने। ईन्मा सबै भन्दा ठूला उनै हुन् यो जगत् को सबै—मानिस हरु लाई पक्षेपात न गरिकन 'वेदादि' शास्त्र ले भनेजस्तो गरी 'सत्य' ज्ञान लाई दीयेर जाने। त्यो ज्ञान पाई यदि यो मनुष्य को योनि लाई सफल बनाउनु खोज्ने धर्म प्रेमी हरू जत्तिले वैदिक सिद्धान्तानुसार ले आफ्नो २ स्वभाव-चाल चलन लाई, पवित्र सदाचारी बनायेर यो लोक पनि, पर लोक पनि सुधारी कन मानिस् को जन्म पायेको सफल गर्दछन्।

हामीहरु लाई यो सत्य ज्ञान हो भनेर वेदले भनेको जस्तो गरी सत्य ज्ञान दिने 'परोपकारी' विद्वान् न पाउदा नै आज अज्ञानि बनेका हूँ। अविद्या रूपि अन्धकार मा परेका। अब परम पिता परमात्मा को कृपा ले गरी.....

सबै संसारै भर का मानव जाति हरु लाई सत्य ज्ञान दिने,

श्री महर्षि दयानन्द सरस्वती जीले

कृपागर्दा हामी हरु ले पनि पाऔ। अब उप्रान्त उठू, न सुतु, आफ्नो २ यो मनुष्य को चोला लाई सुधारू।

ये मेरे नम्रता ले निवेदनछ :— भवदीय

बाबु लक्ष्मन छेत्री, 23/49. गरीयाहट्टा रोड, बालि गन्ज, सीटी, कॉलेज बाबू लक्ष्मन छेत्री,

कलकत्ता,-२६

CC-0. In Public Domain. Digitization by eGangotri

यो आर्य समाज को नियम् हो ।

(१) सबै सत्य विद्याहरु र जो सुकै पदार्थहरु होस् विद्यादेखिन जानिने त्यो सबैको आदि मूल चाई परमेश्वर हुन ।

(२) ईश्वर सच्चिदानन्द स्वरूप, निराकार, सर्वशक्तिमान, न्यायकारी, दयालु, अजन्मा, अनन्त, निर्विकार, अनादि, अनुपम्, सर्वाधार सर्वेश्वर, सर्वव्यापक, सर्वान्तरयामी, अजर, अमर, अभय, सदै पवित्र भयेर सृष्टि गर्दछन्, उनैको नै पुजा र उपासना गर्नु नै असल हुनेछ; ।

(३) वेद सबै सत्य विद्या को पुस्तक हो । वेद लाई पड्नु र पणाउनु, र सुन्नु, र सुनाउनु, हामीहरु सबै आर्यहरुको परम धर्म हो ।

(४) सत्यलाई मान्नु, र असत्य मिथ्या लाई छोडनु मा सदैनै तयार भै रहनु पर्दछ; ।

(५) जेसुकै काम् गरेता पनि धर्मानुसार, धर्म ले भनेको जस्तोगरी सत्य र असत्य को विचार गरेर गर्नु पर्दछ; ।

(६) संसार भरी को सबै मानिसहरुको उपकार गर्नै यो समाज को मुख्य उद्देश्य हो, अर्थात् शारीरिक, आत्मिक, र सामाजिक उन्नति गर्नू ।

(७) सबैसौत प्रीति गरेर, धर्मको अनुसारले, जस्ताको तस्तै गरीव्यवहार गर्नु पर्दछ; ।

(८) अविद्या लाई नाश गरेर विद्या-बुद्धि लाई बणाउनु पर्दछ; ।

(९) सबैजनालाई आफनैमात्र उन्नति मा सन्तुष्ट हुनु हुदैन; तर सबै को उन्नति भयेमा नै आफनो उन्नति भो भन्ने सम्झनु पर्दछ; ।

(१०) सबै मनुष्य हरुले सामाजिक, सबै को हितहुने नियमलाई मान्नु को निम्तिमा चाई परतन्त्र हुनु पर्दछ; फेरी सबैको हित हुने नियम मा चाई सबैजना स्वतन्त्र छन् ।